मिति २०७६/०७/१५ मा भएको गाउँ कार्यपालिकाको ५० औं बैठकको निर्णयहरु :

१. यस मर्स्याङ्दी गाउँपालिका भित्र निर्माण गरिने देहानय बमोजिमको वडा कार्यालय भवन र झोलुङ्गे पुलको लागि तपसिल बमोजिमको बजेट स्वीकृत गरी ई बिडिङको माध्यमबाट मात्र टेण्डर प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका वडा नं. १ को वडा कार्यालय भवन निर्माणको लागि रु. १,०३,४३,०००।-
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि रु. ९८,१४,६७५।-
- वडा नं. ३ र ९ जोड्ने खुदी खोला झोलुङ्गे पुल निर्माण रु.१२,२४,३२१।-
- वडा नं. १ स्थीत पोजे खोला झोलुङ्गे पुल निर्माणको लागि रु.९,२८,८२९।-
- वडा नं. १ स्थीत करे खोला झोलुङ्गे पुल निर्माणको लागि रु.६,४७,१४६।-

२. ४९ औं बैठकको निर्णय अनुसार जेष्ठ नागरिक सम्मान कार्यक्रम कार्यन्वयन/व्यवस्थापनको लागि निम्नानुसारको समिति गठन गरि जिम्मेवारी दिने निर्णय गरियो ।

- संयोजक, यूवा घले, वडा अध्यक्ष वडा नं. ७
- सदस्य, कृष्ण बहादुर बि.क., कार्यापालिका सदस्य
- सदस्य, विष्णु प्रसाद दाहाल, रोजगार संयोजक

३. ४९ औं बैठकको निर्णय अनुसार अपाङग सम्मान तथा आय आर्जन कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट खर्च हुने गरि सेतो र पँहेलो कार्डवाला अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जन सम्बन्धि विभिन्न कार्यक्रमहरु तय गर्न, आवश्यक व्यवस्थापन लगायतका सम्पूर्ण कामहरु गर्न निम्नानुसारको समिति गठन गरि जिम्मेवारी दिने निर्णय गरियो ।

- संयोजक, होम बहादुर बि.क., उपाध्यक्ष
- सदस्य, प्रेम बहादुर बस्नेत, संयोजक, सामाजिक समिति
- सदस्य, विष्णु प्रसाद दाहाल, रोजगार संयोजक

४. २०७६ कार्तीक २७ गते जन प्रतिनिधीहरुको प्रभावकारी भूमिका बारे एक दिने अन्तरकृया तथा कार्यशाला गोष्ठि आयोजना गर्ने निर्णय गरियो ।

५. यूवा उद्यमशिलता विकास कोष परिचालन गर्न रोजगार संयोजक विष्णु प्रसाद दाहाललाई जिम्मेबारी दिने र सो सम्बन्धि प्रकृयाहरु यथासक्य छिटो प्रारम्भ गर्ने समेत निर्णय गरियो ।

६. मिति २०७६ कार्तीक १७ गते गाउँपालिका भरिका अगुवा कृषक भेला आयोजना गरि गाउँ सभाबाट कृषि, पशु, जटिबुटी कार्यक्रम अन्तर्गत विनियोजित बजेट र कार्यक्रम बारे छलफल तथा सुझावहरु सकंलन गरि सोही बमोजिम कार्यक्रम तयार गर्ने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ मा निर्माणधिन न्यादी हाईड्रोपावर लिमिटेड, न्यादी हाईड्रो पावर प्रोजेक्ट (३० मेघावाट) लाई आयोजनाको विभिन्न संरचनाहरु निर्माण गर्दा स्थानिय प्राकृतिक श्रोत साधनहरु (ढुङ्गा, बालुवा) प्रयोग गरे बापत लाग्ने कर बुझाउन पत्रचार गर्ने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ स्थित श्री अमर मा.वि. परिसरमा रहेको ऐतिहासिक एवं धार्मीक महत्व बोकेको पौवा अत्यन्तै जिर्ण अवस्थामा रहेको हुँदा त्यसको पुनर्निर्माणको लागि पुरातात्विक विभाग, काठमाण्डौ सँग सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

९. यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं. २, ४, ८ र ९ मा हाल सम्म पनि स्वास्थ्य चौकी भवन नभएको र उक्त स्थानहरुमा स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गाको व्यवस्था भईसकेको हुँदा उक्त ठाउँहरुमा स्वास्थ्य चौकी भवन निर्माणको लागि स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**मिति २०७६/०७/२५ मा भएको गाउँ कार्यपालिकाको ५१ औं बैठकको निर्णयहरु :**

१. आ.व. २०७६/०७७ को स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागी देहायका योजनाहरु छनौट गरी सिफारिश गर्ने निर्णय गरियो ।

१) भिरपुस्तुन मोटरबाटो, मर्स्याङ्दी - ६, रु. २०,००,०००।-

२) रोप्लेखोला - त्रिभुवन मा.वि. मोटरबाटो स्तरोन्नती, मर्स्याङ्दी - २, रु. १५,००,०००।-

३) तातोपानी कुण्ड (सेतो) मर्मत, मर्स्याङ्दी - ४, जगत, रु. १०,००,०००।-

४) खुदी - शिउरुङ - स्याङ्गे मोटरबाटो ० कि.मी. - छहरेखोला खण्ड सडक स्तरोन्नती, मर्स्याङ्दी - ३, रु. २०,००,०००।-

५) स्याङ्गे झरना पार्क निर्माण, मर्स्याङ्दी - ४, स्याङ्गे, रु. १०,००,०००।-

६) खुदी - पाम्पचोक - भलामचौर - घलेगाउँ सडक रु. २५,००,०००।-

२. स्वास्थ्य तर्फको शसर्त अनुदानको बाह्य खोप केन्द्र निर्माणको लागी विनियोजित बजेटको निम्न स्थानहरुमा खोप केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

१) मर्स्याङ्दी - ६, भिरपुस्तुन रु. ३५०,०००।-

२) मर्स्याङ्दी - ४, कालाधिरिङ गैरागाउंरु. ३५०,०००।-

३. सडक बोर्ड नेपालबाट स्विकृत भएको रकम रु.६,००,०००।- लाई डादीपुल देखि मर्स्याङ्दी नदीको पुल सम्मको सडक मर्मत सम्भार कार्यको लागी खर्च गर्ने निर्णय गरियो ।

४. प्रदेश सरकारबाट सिम्पानी खानेपानी आयोजनामा प्राप्त विशेष अनुदान बापतको रकम रु.१,००,००,०००।- लाई डि पि आर रिपोर्टको आधारमा सेरले पाम्पचोक क्षेत्रको खानेपानी योजनामा विनियोजन गर्ने निर्णय गरियो ।

५. शिक्षा तर्फको शसर्त अनुदानको विद्यालयको भौतिक पूर्वाधार निर्माण अनुदान र विद्यालयमा शैक्षिक गुणस्तर सुधिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानमा प्राप्त बजेटलाई निम्नानुसार विनियोजन गर्ने निर्णय गरियो ।

- महेन्द्र देव मा.वि., मर्स्याङ्दी - ७, तराञ्चे शौचालय निर्माण रु. ७,००,०००।-
- त्रिभुवन मा.वि., मर्स्याङ्दी - २, घनपोखरा शौचालय निर्माण रु. ७,००,०००।-
- आनन्ददेवी प्रा.वि.,मर्स्याङ्दी - २, भाचे शौचालय निर्माण रु. ७,००,०००।-
- ग्राम कल्याण मा.वि., मर्स्याङ्दी - १, नायु, विज्ञान प्रयोगशाला रु.६,५०,०००।-
- गंगा मिलन मा.वि., मर्स्याङ्दी - ५, घेर्मु आइ सि टी ल्याव रु.६,५०,०००।-
- प्रभात शान्ति मा.वि., मर्स्याङ्दी - ८, ई लाइवेरी रु.६,५०,०००।-
- उत्कृष्ठ सिकाई उपलब्धि भएको माध्यमिक विद्यालय रु.१,००,०००।- (गणेश मा.वि., सिम्पानी)
- उत्कृष्ठ सिकाई उपलब्धि भएको माध्यमिक विद्यालय रु.१,००,०००।-(महेन्द्र देव मा.वि.तराञ्चे)
- एम जि एम एल रु. ५०,०००।- हिमालय प्रा.वि. सन्जापु
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ६६,०००।- अरण्य ज्योति आ.वि.
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ५०,०००।- सरस्वति सदन आ.वि
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ५०,०००।- सरस्वति विद्या मन्दिर रामकुमारी आ.वि.
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ५०,०००।- धर्मभक्त आ. वि., भुस्मे
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ५०,०००।-नयाँ ज्योति प्रा.वि.,नाइचे
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ५०,०००।- धनेश्वर प्रा.वि., तरापु
- गणित, विज्ञान र अंग्रेजी सिकाई उपलब्धि सुधिढिकरण रु. ५०,०००।- वराह मन्दिर, ताराचोक